**प्रस्तावहरु:**

१. आ.व.२०८२/८३ को लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धमा।

२. आ.व.२०८२/८३ को लागि सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम छनौट सम्बन्धमा।

३. आ.व.२०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को नतिज़ा अनुमोदन सम्बन्धमा ।

४. फैसलाको अविलम्ब कार्यान्वयन सम्बन्धमा ।

५. करार कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा।

६. आगामी हिउँदे गाउँसभाको मिति तय सम्बन्धमा।

७. आ.व. २०८१/८२ को योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा।

८. अर्धवार्षिक सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।

९. जानकी गाउँपालिका नगर प्रहरी ऐन,२०८१ पारित सम्बन्धमा ।

१०.विद्यालयलाई विद्युत महसुल निकासा सम्बन्धमा ।

११.विविध सम्बन्धमा ।

- अनुगमनको खाजा तथा खाना खर्च सम्बन्धमा ।
- गाउँ शिक्षा समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा ।
- रोजगार मेला संचालन सम्बन्धमा ।
- निजि वन दर्ता शुल्कको राजश्व सम्बन्धमा ।
- गाडि भाडामा लिने सम्बन्धमा ।
- आर्थिक सहयोग सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु :

प्रस्ताव नं.१ को बुँदा मा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,तराई-मधेश समृद्धि कार्यक्रमको मिति : २०८१/०९/२९ गतेको आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आगामी आ.व. २०८२/८३ को लागि निर्देशिकामा तोकिएको शर्त र मापदण्ड भित्र रही आयोजना/कार्यक्रम संचालन गर्न इच्छुक तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका,२०८१ अनुसार तराई-मधेश समृद्धि कार्यक्रम लागू भएका तराई-मधेशका २२ जिल्लाका २७८ स्थानीय तहहरुको लागि आयोजना/कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय तहबाट निर्देशिकाको दफा-५ को उपदफा (१),(२) र (३) मा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी निर्देशिकाको दफा ७(२) मा तोकिए बमोजिमका क्षेत्रमा उल्लिखित निर्देशिकाको दफा ७(ज) मा निर्दिष्ट विवरण र शर्तानुसार अनुसूची-२ मा उल्लेख भएका वर्ग र समुदायसँग प्रत्यक्ष सरोकार राख्ने तथा तत् समुदाय लाभान्वित हुने प्रकृतिका आयोजना/कार्यक्रम संचालन गर्नका लागि अनुसूची-४ मा उल्लेखित आयोजना/कार्यक्रम माग फारम सहितको

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्देशिकाको दफा ७(४) बमोजिम अधिकतम ५(पाँच) वटा आयोजना कायम हुने गरी (**प्राथमिकिकरण गरेर**) तपशिलका आयोजना/ कार्यक्रमहरु माग/प्रस्ताव गरी मिति २०८१ माघ मसान्त भित्र रिपोर्टिङ सफ्टवेयरमा प्रविष्टि गर्ने निर्णय गरियो ।

तपशिलका आयोजना / कार्यक्रमहरु :

१। जानकी -१ शिवपुरी मा.वि.मा ४ कोठे भवन निर्माण ।

२। जानकी - ३ मा कृषि उपज हाट बजार निर्माण ।

३। सामुदायिक भवन निर्माण (वडा नं.२,३ र ६) ।

४। वडा कार्यालय भवन निर्माण (वडा नं. १ र ३) ।

५। बुढिया गाउँदेखि डिठ्ठापुर जोडने बाटो स्तरोन्नति ।

प्रस्ताव नं.२ को बुँदा मा छलफल गर्दा राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंको मिति २०८१/१०/१६ गतेको सूचना अनुसार यस जानकी गाउँपालिकामा आ.व. २०८२/८३ को लागि सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुका लागि प्रस्ताव सहित विवरण तयार गरी २०८१ फाल्गुण १५ भित्र राष्ट्रिय योजना आयोग सिंहदरबार,काठमाडौंले संचालनमा ल्याएको विद्युतीय प्रणाली(अनलाइन) मार्फत तपसिल बमोजिमको सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान आयोजना अनलाइन प्रवाष्टि गरी माग गर्ने भनी सर्वसम्मतवाट निर्णय गरियो ।

तपसिल :

समपूरक अनुदान

- जानकी-३ बन्जारे गाउँ मा.वि. , जानकी -५ ने.रा.आ.वि.गुरुवागाउँ , जानकी -१ नेपाल राष्ट्रिय आ.वि. साईगाउँमा विद्यालय फर्निचर व्यवस्थापन ।
- जानकी - ४ बाबा कुट्टी देखि गुरुवागाउँ सम्म सडक स्तरोन्नति ।
- वडा नं. ६ विनोद गुसाको घर देखि चमारनपुर-कैरातीपुर सम्म सडक बाटो निर्माण ।

विशेष अनुदान

- जानकी - ३ मोतीपुर शुशील राढ मार्ग देखि रामदयालपुर्वा हुँदै रम्वापुर लिहार बस्ती हुँदै गौघाट बाटो स्तरोन्नति ।
- जानकी - ५ बुढियागाउँको नालामा पक्की पुल निर्माण ।
- जानकी - ५ बुढियागाउँ देखि खाले पिप्रहवा जोडने बाटो सार्वजनिक पूर्वाधार पुनः निर्माण योजना ।
- जानकी - ५ श्री नागा बाबा मन्दिर संरक्षण तथा तालको वाल बाउण्डरी योजना ।
- जानकी- ५ बुढियागाउँको इदगाहा स्तरोन्नति ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व. २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को प्रारम्भिक नतिजा तयार भएको र पृष्ठपोषणका लागी जिल्ला समन्वय समिति,बाँकेमा अनलाइन पेश गरेको र पृष्ठपोषण तथा मूल्याङ्कन पश्चात आउने नतिजालाई गाउँपालिकाको वेभसाइट मार्फत सार्वजनिक गर्ने र सो को जानकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,काठमाडौं नेपाल,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,लुम्बिनी प्रदेश,जिल्ला समन्वय समितिको कार्यालय,बाँके तथा प्रदेश सुशासन केन्द्र नेपालगंज बाँकेमा पठाउने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.४ को बुँदा मा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय,बाँकेको प.सं.: ०८१/८२(मुद्दा),च.नं. ९१८, मिति : २०८१/१०/03 गतेको प्राप्त पत्रानुसार सम्मानित बाँके जिल्ला अदालत,नेपालगंजको च.नं. ०८१-७४-००३५९५ को फैसलाको जानकारी विषयक पत्रानुसार यस जानकी गाउँपालिका वडा नं. ३ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मानपुरले सार्वजनिक जग्गा अनधिकृत भोग कब्जा गरेको सम्बन्धि मुद्दामा सम्मानित अदालतबाट भएको फैसला आदेश कार्यान्वयन गर्न देहाय बमोजिमको फैसला कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

| | | |
|---|---|---|
| श्री प्रमुख प्रशासकीय अधिकृत | - | संयोजक |
| श्री सम्बन्धित वडा अध्यक्ष | - | सदस्य |
| श्री सम्बन्धित वडाको प्रहरी प्रमुख | - | सदस्य |
| श्री प्रशासन शाखा प्रमुख | - | सदस्य-सचिव |

प्रस्ताव नं.५ को बुँदा मा छलफल गर्दा आज मिति २०८१/१०/२२ गते बसेको गाउँ कार्यपालिका बैठकबाट तपसिल बमोजिमको निर्णय गरियो ।

<u>तपसिल :</u>

- गाउँपालिकाबाट अनिवार्य अवकाश भएका कर्मचारीहरुलाई सम्मान गर्ने ।
- आ.व. २०८१/८२ मा यस जानकी गाउँपालिका तथा गा.पा. अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकीहरुमा निरन्तर रुपमा कार्यरत करार कर्मचारीहरुलाई यस आर्थिक वर्षमा खाईपाई आएको तलव सुविधालाई निरन्तरता दिई २०८२ अषाढ मसान्त सम्म सेवा करार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकाको आ.व. २०८१/८२ को हिउँदे गाउँसभा मिति २०८१/१०/२९ गते मंगलबारका दिन बिहान ११:०० बजे देखि गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.७ को बुँदा मा छलफल गर्दा यस आ.व.२०८१/८२ को गाउँपालिका,शाखागत तथा वडाहरुको योजना तथा कार्यक्रमहरु आवश्यकताको आधारमा संशोधनको लागि सबै वडा तथा शाखाहरुलाई पत्राचार गर्ने साथै पहिलो संशोधन तथा स्वीकृतार्थ आगामी गाउँसभामा पेश गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.८ मा छलफल गर्दा यस जानकी गाउँपालिका बाँकेको आ व ०८१।८२ को अर्धवार्षिक सार्वजनिक सुनुवाई यहि मिति : २०८१/११/२७ गते आइतबारका दिन दिउसो १:०० बजे देखि गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.९ मा छलफल गर्दा यस जानकी गाउँपालिकामा नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गर्न कानून बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी जानकी गाउँपालिका नगर प्रहरी ऐन,२०८१ स्वीकृतार्थ आगामी गाउँसभामा पेश गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

प्रस्ताव नं.१० को बुँदा मा छलफल गर्दा जानकी गाउँ पालिका अन्तर्गत शिक्षा ,युवा तथा खेलकुद शाखाको बजेट बाट विद्यालयलाई विद्युत महसुल निकासा भइरहेको र आ.व. २०८१/०८२ मा पनि बजेट विनियोजन भएको हुँदा तपशिल वमोजिमका विद्यालयलाई विद्युत महसुल निरन्तरता दिने निर्णय गरियो ।

<u>तपसिल :</u>

- मा.वि - प्रति महिना ५ हजारका दरले १२ महिना
- नि.मा.वि - प्रति महिना २ हजारका दरले १२ महिना
- प्रा.वि - प्रति महिना १ हजारका दरले १२ महिना
- कन्या आ.वि लाई - प्रति महिना ३ हजारका दरले १२ महिना

प्रस्ताव नं.११ को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपशिल :</u>

- चालु आर्थिक वर्षमा जानकी गाउँपालिका भित्र संचालन भएका विकास निर्माण सम्बन्धि योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा अनुगमनमा खटिएका अनुगमन टोलीका सदस्यहरुलाई खाना तथा खाजा खर्च वापत एकमुष्ट रु.१०००/-(अक्षरेपी एक हजार मात्र) उपलब्ध गराउने ।
- जानकी गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिको मिति : २०८१/१०/२० गते बसेको बैठकको निर्णय नं. ५ बाहेक सबै प्रस्ताव तथा निर्णयहरुलाई अनुमोदन गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- मिति २०८१/११/१६ र १७ गते नेपालगंज उद्योग वाणिज्य संघको आयोजनामा र बाँके जिल्लाको सबै स्थानीय तहको साझेदारीमा संचालन हुने रोजगार मेलाको लागि रु.१,००,००० (अक्षरेपी एक लाख मात्र) कार्यक्रम खर्च (शि.नं. २२५२२) शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ६ सम्म दर्ता हुन आउने निजि वन दर्ताको राजश्व रकम रु.३०० र नवीकरण रु.१५० राख्न निर्णायर्थ आगामी गाउँसभामा पेश गर्ने भनी सर्वसम्मतबाट निर्णय गरियो ।
- यस जानकी गाउँपालिकामा २(वटा) चार पाङ्ग्रे गाडि रहेको जस मध्ये एउटा गाडि गाउँपालिका अध्यक्षले पालिकाको कामकाज गर्न प्रयोग गर्ने गरेको र अर्को गाडि धेरै पुरानो भई प्रयोगमा ल्याउन कठिन अवस्था भएको तथा प्राय जसो बिग्रि रहने र पटक पटक मर्मत गरी राख्नु पर्ने हुँदा मर्मत खर्चको अंक पनि बढि देखिनुको साथै पूर्वाधार लगायतका योजना तथा कार्यक्रमहरु अनुगमन गर्न कठिनाई भएको हुँदा उक्त कार्यको लागि १(एउटा) गाडि मिति : २०८२ असाढ मसान्त सम्मको लागि प्रचलित कानुन बमोजिम भाडामा लिई प्रयोग गर्ने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत तपसिलका समिति, व्यक्ति तथा संस्थालाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

  <u>तपशिलः</u>

  - जानकी गाउँपालिका अन्तर्गत वडा नं. ४ नहरचोकको गुप्ता ट्रेडिङ्ग एण्ड सप्लायर्सले मिति : २०८१/०७/२५ गते पेश गरेको निवेदन अनुसार उक्त सप्लायर्सले निवेदनको आधारमा विभिन्न मितिमा विपदमा परेकाहरुलाई राहत सामाग्री वितरण गरेको हुँदा **रु.१,४०,६९०/-(अक्षरेपी एक लाख चालिस हजार छ सय नब्बे मात्र)** को बिल पेश गरेको हुँदा **विपद कोष** शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो ।
  - जानकी गाउँपालिका अन्तर्गत वडा नं. ३ बंजारे गाउँको श्री हनुमानगढी मन्दिरमा मिति २०८१/०९/१८ गते देखि २०८१/०९/२२ गते सम्म रामलिला नाटक संचालन भएको हुँदा उक्त कार्यक्रम व्यवस्थापनको लागि श्री हनुमानगढी मन्दिर संरक्षण व्यवस्थापन समितिलाई **रु.२५००० (अक्षरेपी पच्चीस हजार मात्र)** आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग दिने निर्णय गरियो ।
  - जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ साईगाउँमा स्थापित हजरत दिन शाह अलेह बाबाको जलसा तथा मेला मिति :२०८१/१०/११ देखि १३ गते सम्म संचालन भएको हुँदा उक्त मेला संचालन तथा व्यवस्थापन समितिलाई **रु.२५,००० (अक्षरेपी पच्चीस हजार मात्र)** आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग दिने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- जानकी गाउँपालिका अन्तर्गत वडा नं. १ बढैया गाउँमा स्थापित श्री सन्त भगोले दास बाबाको धनुषयज्ञ मेला मिति :२०८१/१०/०३ देखि ०५ गते सम्म संचालन भएको हुँदा उक्त मेला संचालन तथा व्यवस्थापन समितिलाई **रु.२५,०००/- (अक्षरेपी पच्चीस हजार मात्र)** आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग दिने निर्णय गरियो ।
- नेपाल राष्ट्रिय कर्मचारी महासंघ,जिल्ला कार्य समिति बाँकेको पत्र संख्या :०८०/८१, च.नं. २४, मितिः २०८१/०३/०७ गतेको प्राप्त पत्रानुसार महासंघको नेपालगंज उप-महानगरपालिका वडा नं. ६ मा आफ्नो कार्यालय भवन निर्माण गर्न सहयोग स्वरूप बजेट माग गरेको हुँदा रु.५०,०००/- (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट आर्थिक सहयोग दिने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३